**निर्णय नं. १:**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ वमोजिम बालमैत्री स्थानीय शासन नगर समिति पुनर्गठन गर्ने तथा बालमैत्री रणनीतिक योजना (आ.व. २०७७/०७८ देखि ०८१/०८२) सम्बन्धी विस्तृत रुपमा छलफल गरी बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक क्रियाकलापहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

विधायन समितिको सिफारिस वमोजिम तपसिलका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क. साझेदारी गोवर मल वितरण कार्यक्रम संचालन कार्यविधि २०७८ ।

ख. विपन्न वर्गको मागमा आधारित लागत साझेदारीमा गाई वितरण कार्यविधि, २०७८ ।

**निर्णय नं. ३:**

साना व्यवसायी कृषि उत्पादन (पकेट) विकास कार्यक्रम (गाई/भैंसी र तरकारी) को प्रचार प्रसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

संस्थागत बिद्यालय छात्रबृत्ति व्यबस्थापन कार्यबिधि २०७६ का सम्बन्धमा नगर शिक्षा समितिको बैठकबाट सिफारिस भई आएवमोजिम उक्त कार्यबिधिको दफा ५(१) मा (ग) बुदा थप गरी कुल छात्रबृत्तिको पचास प्रतिसत विद्यालयले र पचास प्रतिशत नगरपालिकाले सूचना प्रकासन तथा छनौट गर्ने प्रावधान राखी कार्यबिधि संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

कृषि तथा पशुपंक्षी विकास गुरुयोजना र बाल सर्भेक्षण फाराम भर्नको लागि प्रति घर धुरी प्रति फाराम भरेवापत सर्भेक्षकलाई रु. ५०(पचास) पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**

सवै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र संचालनको लागि आवश्यक दरवन्दी पुनरावलोकन गरी आगामी बैठकमा पुनः प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

मोहना मा. वि., रत्ननगर ९ मा कक्षा ११ मा नयाँ भर्ना गर्ने सम्बन्धमा विद्यालय र विभिन्न विद्यार्थी संगठनले पेश गरेको ज्ञापन पत्रमार्फत जानकारी भयो । कक्षा ११ र १२ संचालन गर्न आवश्यक श्रोत सुनिश्चित भएपश्चात छलफलमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ८:**

बकुलहर रत्ननगर अस्पतालबाट अस्पताल नजिक नीजि जग्गामा व्यक्तिको सवारी साधनबाट पार्किङ्ग शुल्क उठाएको सम्बन्धमा आवश्यक निर्देशन माग भई आएकोमा अस्पताल व्यवस्थापन समितिले पार्किङ्ग शुल्कको दर तोक्ने र उठेको रकमबाट केही प्रतिशत अस्पतालको व्यवस्थापनका लागि राख्न सक्ने गरी व्यवस्थाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

वडा नं. १३ को कन्चनवस्ती टोलमा कालोपत्रेको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेशबाट विनियोजित रु. ३०,००,०००।- (तीस लाख) सोही वडाको विमल खनालको घरदेखि पूर्व जयमंगला जोड्ने सडक कालोपत्रे शिर्षकमा रकमान्तर गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**

बाघमारा सामुदायिक वनको वन सिमानामा वसोवास गर्ने विपन्न वर्गका व्यक्तिलाई नगरपालिका र अन्य संस्थाको सहयोगमा संचालित विमा कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ११:**

**निर्णय नं. १२:**

नगरपालिकाको बजार क्षेत्रमा जडित सिवरेज पुरानो र सानो भई क्षमता अपर्याप्त भएको हुँदा बजारमा प्रत्येक घरलाई सेफ्टी टंकी बनाउन लगाउने र सेफ्टी टंकी नबनेका घरलाई नक्सापास गर्न स्वीकृत नदिने निर्णय गरियो ।

**निर्णय नं. १३:**

माता कंकालीमाई सेवा प्रा. लि. ले कोरोनाको कारण व्यवसाय मन्द भई फोहोरमैला संकलन शुल्क उठ्न नसकेको कारणले राजश्व छुट गर्न र फोहोरमैला व्यवस्थापन गर्दा एक्साभेटर प्रयोग गर्दा भएको खर्च भुक्तानी माग गरेकोमा सो सम्बन्धमा सिफारिस गर्न गठीत समितिको सिफारिसका आधारमा फोहोरमैला व्यबस्थापनका लागि गठित उपभोक्ता समिति मार्फत प्राबिधिक मुल्यांकन प्रतिवेदन अनुसार एक्साभेटर र विषादी छर्न भएको खर्च रु. ९,५३,२४९।- (नौ लाख त्रिपन्न हजार दुई सय उनान्पचास रुपैया मात्र ।) नगर विशेष कोषबाट भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं. १४:**

विपद व्यवस्थापन समितिको सिफारिस वमोजिम तपसिल वमोजिम व्यक्तिहरुलाई घर भास्सिएको (चर्किएको) ले निम्नानुसार आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

१. श्री राम बहादुर विश्वकर्मा, र.न.पा. १२ रु. १२,०००।- (बाह्र हजार)

२. श्री राम बहादुर अधिकारी, र.न.पा. १२ रु. १२,०००।- (बाह्र हजार)

**निर्णय नं. १५:**

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. २ बस्ने श्री शिव प्रसाद खनालका छोरा वर्ष ६८ का श्री कमल चन्द्र खनालले यस रत्ननगर नगरपालिकाको कार्यालयको समेतका विरुद्धमा चितवन जिल्ला अदालतमा **०७८–WO–००५** को निषेधाज्ञा मुद्धाको निवेदन पत्र दायर गर्नु भई यस नगरपालिकाको कार्यालयको नाउँमा जारी भएको १५(पन्ध्र) दिने म्याद सूचना मिति २०७८।०५।०१ मा तामेल भएकोमा लिखित जवाफ दर्ता गरी मुद्धाको पुर्पक्षमा रहन यस कार्यालयका कर्मचारी कानूनी सहजकर्ता श्री प्रिङका थापालाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६:**

काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३ वसुन्धरा चक्रपथ स्थित मुक्तीनाथ कृषि कम्पनी लिमिटेडको तर्फबाट अधिकार प्राप्त संचालक ऐ ऐ बस्ने वर्ष ५४ को श्री तुलसी राम ढकालले बागमती प्रदेश रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चितवनका उपरमा सर्वोच्च अदालतमा **०७८–WO–००४३** नं. को उत्प्रेषणयुक्त परमादेश समेत जारी गरी पाउँ भन्ने मुद्धा दायर गरेकाले यस कार्यालयको नाउँमा जारी भएको १५(पन्ध्र) दिने म्याद सूचना मिति २०७८।०५।०१ मा तामेल भएकोमा लिखित जवाफ दर्ता गरी मुद्धाको पुर्पक्षमा रहन काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ३१ बस्ने वर्ष ३८ की श्री सुस्मिता कोईरालालाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१७ ::**

सौराहा चोकमा निर्मित रत्ननगर बसपार्क क्षेत्र सानो भएको हुँदा संगै खाली रहेको नेपाल मा. वि. को जग्गा प्रयोग गर्न नेपाल मा. वि. संग माग गर्ने निर्णय गरियो ।